# सिरानचोक गाउँपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

# सिरानचोक गाउँपालिका
# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७६

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस सिरानचोक गाउँपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोजन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाको वैठकले गाउँपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक अवस्था भएकालाई राहत सहयोग प्रदान गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६" रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६" भन्ने बुझ्नुपर्छ ।

ख. "गाउँपालिका" भन्नाले सिरानचोक गाउँपालिकालाई बुझ्नुपर्छ ।

ग. "कोष" कभन्नाले आकस्मिक कोषे बुझ्नुपर्छ ।

घ. "कार्यपालिका" भन्नाले गाउकार्यपालिका बुझ्नुपर्छ ।

ङ. "आकस्मिक कार्य" भन्नाले बाढी, पहिरो, आगजनी, रोगको महामारी र चट्याङ लगायतका प्राकृतिक प्रकोप सहित मानवीय त्रुटीले आममानिस घरपालुवा पशुपंक्षि, खेतिपाती, सार्वजनिक संरचना तथा निजी संरचनमा पर्न जाने क्षती, जनजीवनमा पर्ने नकारात्मक प्रभाव वा प्राकृतिक प्रकोप र आर्थिक अवस्था कमजोर भई उपचार गराउन नसक्ने विरामीको उपचार समेतमा गरिने कार्यलाई बुझ्नुपर्छ ।

च. "समिति" भन्नाले आकस्मिक कोष संचालन समिति बुझ्नुपर्छ ।

छ. "प्रकोप" भन्नाले बाढी, पहिरो, आगजनी, रोगको महामारी र चट्याङ बुझ्नुपर्छ ।

**३. आकस्मिक कोष संचालन समिति सम्बन्धी व्यवस्था :**

३.१ प्रकोपको कारण पर्न गएको मानवीय र भौतिक क्षतीलाई न्यूनीकरण गरी उद्दार, राहत तथा पुनरस्थापनाको लागि लाग्ने खर्च व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको आकस्मिक कोष संचालन समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) उपाध्यक्ष | - सदस्य |
| ग) विपद व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| घ) विपद व्यवस्थापन शाखा प्रमुख | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

आवश्यक परेको अवस्थामा कार्यपालिकाका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, विषयविज्ञहरुलाई वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

३.२ संचालन समितिको वैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

३.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

३.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक अध्यक्षज्युको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३.५ संचालन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

३.६ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

३.७ समितिले गरेको निर्णय कार्यपालिकाको वैठकले अनुमोदन गर्नुपर्नेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याल्चोक, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

## परिच्छेद २

### ४. आकस्मिक कोष व्यवस्थापन सम्बन्धी व्यवस्था :

४.१ प्रकोपको कारण पर्न गएको मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गरी उद्दार, राहत तथा पुनस्थापनाको लागि लाग्ने खर्च व्यवस्थापन गर्न गाउँपालिकामा एउटा आकस्मिक कोष खडा गरिने छ । सो कोषको रकम देहाय बमोजिम व्यवस्था गरिनेछ ।

- क. गाउँ सभाले स्वीकृत गरी विनियोजन गरेको रकम
- ख. उद्दार तथा राहतका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस, स्थानीय ब्यापारी, समुह, संगठन, सहकारी, उपभोक्ता समिति वाट प्राप्त चन्दा र सहयोग स्वरुप प्राप्त रकम
- ग. संघिय सरकार वा प्रदेश सरकारले प्रकोप ब्यवस्थापनको लागि भनि तोकि पठाएको रकम
- घ. उद्धार, राहत र पुनस्थापनाको लागि अन्य स्रोतबाट प्राप्त रकम

४.२ आकस्मिक कोषमा रहेको रकम यसै कार्य विधिमा खर्च गर्ने भनि उल्लेख भएकोमा वाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

४.३ कोषको अलगै लेखा राख्नुपर्नेछ र सो कोषको लेखा परीक्षण कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ३

### ५. राहत वितरण सम्बन्धी व्यवस्था :

५.१ निम्न बमोजिमको क्षतीका लागि गाउँपालिकाले आकस्मिक कोषबाट ब्यहोर्ने गरी देहाय बमोजिमको राहत उपलब्ध गराइनेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने राहत सामाग्री | सहयोग गर्ने रकम |
| १ | प्रकोपले घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | पाल थाल १, खाना पकाउने तथा खाने भाँडा १ सेट, १ हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न, प्राविधिक मूल्याङ्कन अनुसार तारजालीको मात्र सहयोग गर्न सकिनेछ । | ५०००-१०००० |
| २ | प्रकोपले घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | | ५०००-८००० |
| ३ | प्रकोपले घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | | १००००-२०००० |
| ४ | प्रकोपले घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुको समेत मृत्यु भएमा | | १००००-१५००० |
| ५ | प्रकोपले गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा | | ५०००-१०००० |
| ६ | प्रकोपले गोठ जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | | २०००-५००० |
| ७ | प्राकृतिक प्रकोप तथा दुर्घटनाकमा परी घाइते भएका व्यक्तिको लागि अस्पताल गई उपचार गर्न सहयोग | | ५०००-२०००० |
| ८ | हावाहुरीबाट घर गोठको नोक्सान भएमा | | ३०००-६००० |

- क. प्रकोपबाट मृत्यु भएकाको प्रति परिवारलाई क्रिया खर्च वापत रु. २०,०००.००
- ख. प्रकोपमा परी घाउँ चोट तथा अंग भंग भएकोमा सोको अवस्था हेरी उपचारको लागि जनही बढीमा रु. ३,०००.००

सजु गुरुङ
अध्यक्ष

ग. तत्काल बाढी तथा पहिरो रोकथाम गर्दा गाउँका धेरै वस्ती र खती योग्य जमिन वचाउन सक्ने अवस्था रहेमा सो को रोकथामको लागि विपत व्यवस्थापन समितिको निर्णय अनुसार आवश्यक रकम उपलब्ध गराई उक्त प्रकोप रोक थाम गर्न सकिने छ ।

## परिच्छेद-४
## विविध

**६. बाधा अडकाउ फुकाउर्ने :**

यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा प्रक्रिया सरलीकरण गर्ने र हेरफेर गर्ने जस्ता विषयमा गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**७. प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष
२०७५/०४/२०